# दशौं महाधिवेशन नीति, मनोविज्ञान र नेतृत्वमा एकतायुक्त हुनेछ : प्रवक्ता ज्ञवाली



काठमाण्डु । नेकपा (एमाले) का प्रवक्ता प्रदीपकुमार ज्ञवालीले आउँदो दशौं राष्ट्रिय महाधिवेशन नीति, मनोविज्ञान र नेतृत्वमा एकतायुक्त हुने बताउनुभएको छ।

प्रेस चौतारी नेपाल, उपत्यका प्रदेश कमिटीले आइतवार 'महाधिवेशनमा विचार र नेतृत्व' विषयक आयोजना गरेको कार्यक्रममा उहाँले नीतिका बारेमा विधान महाधिवेशन गरेसकेकाले अबको महाधिवेशन नीति, मनोविज्ञान र नेतृत्वमा एकता हुने बताउनुभयो । एमालेको महाधिवेशन यही मङ्सिर १० देखि १२ गतेसम्म चितवनमा हुँदैछ।

उहाँले विधान महाधिवेशनले नीतिगतरुपमा पार्टीलाई एकताबद्ध बनाएको बताउनुभयो । "नीतिमा एकता नै पार्टीमा एकता हो, हामी नीतिमा एकताबद्ध भइसकेका छौं", उहाँले भन्नुभयो, "सेती र त्रिशूली नदीको पानी फरकफरक धारबाट बगे पनि नारायणीमा पुग्दा एउटै धारमा देखिए झैं नारायणी किनारामा हुने महाधिवेशन एकताको महाधिवेशन हुनेछ।"

उहाँले पार्टीको नीतिले मुलुकको लोकतन्त्र र दूरगामी प्रभाव पार्ने भएकाले एमालेको नीतिमा सबैको चासो रहेको उल्लेख गर्दै भन्नुभयो, "तर हामीले दुई महिना अगाडि सम्पन्न गरेको विधान महाधिवेशनमार्फत हाम्रो सिद्धान्त कार्यक्षेत्र र नीति सबै सार्वजनिक गरिसकेका छौं, अबको प्राथमिकता के हो भन्नेबारेमा दस्तावेज पारित गरेका छौं, त्यसैले अब एकताको र नयाँ सङ्कल्पको महाधिवेशन हुनेछ।"

"यति ठूलो पार्टीमा १५ जना पदाधिकारी र २२५ केन्द्रीय सदस्यका रुपमा सबै साथी अटाउन सम्भव छैन, त्यसैले हामी हरसम्भव सहमतिका आधारमा नेतृत्व चयन गर्दछौं", उहाँले भन्नुभयो, "सम्भव नभए स्वच्छ र व्यक्तिगत प्रतिस्पर्धा गरी नेतृत्व चयन हुन्छ, अहिले विधानमा हेरफर हुँदैन।"

उहाँले सञ्चारमाध्यममा विदेशी लगानीलाई निषेध गरेको अवस्थामा विदेशी लगानी भित्रिएर टेलिभिजन उद्घाटन गरिनु जायज नभएको बताउनुभयो । कार्यक्रममा एमालेका केन्द्रीय सदस्य एवं प्रचार विभाग उपप्रमुख सूर्य थापाले महाधिवेशन केन्द्रित प्रचारप्रसारलाई तीव्रता दिइएको बताउनुभयो।

उहाँले उद्घाटन सत्रमा देश विदेशमा रहेका सञ्चारमाध्यममा प्रत्यक्ष प्रचार गर्ने व्यवस्था गरिएको जानकारी दिनुभयो । नारायणी नदीको किनारामा सबै सञ्चारमाध्यमलाई प्रत्यक्ष प्रसारण गर्न सिग्नल उपलब्ध गराइने उहाँको भनाइ छ।रासस

## युवा सङ्घद्वारा ६० जिल्लामा कमिटी विस्तार

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत-समाजवादी) निकट युवा सङ्घले ६० जिल्लामा कमिटी गठन गरेको छ। बाँकी ११ जिल्लामा सदस्यता वितरण गरी चाँडै कमिटी गठन गरिने जनाइएको छ।

देशभर सङ्गठन निर्माण गरी युवा विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उद्देश्य रहेको उल्लेख गर्दै सङ्घले नगर तथा वडामा सङ्गठन निर्माण गर्नेक्रम जारी रहेको जनाएको छ। अहिलेसम्म पूर्वाञ्चल र गण्डकीमा भेला सम्पन्न गरेको सङ्घको वाग्मती प्रदेश भेला सोमबार काठमाडौंमा हुन लागेको बताइएको छ।

सङ्घका इन्चार्ज दीलकुमारी पन्तले मुलुकमा शान्ति, सुशासन, स्थायित्व कायम गर्न देशव्यापी प्रशिक्षण, विभिन्न सन्देशमूलक अभियानलगायत राजनीतिक गतिविधि सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

भ्रष्टाचारमुक्त समाज निर्माणका लागि खबरदारी, सभा, गोष्ठी, मूल्यवृद्धिविरुद्ध रचनात्मक कार्य गर्दै आएको सङ्गठनले विभिन्न स्थानमा सरसफाइसमेत गरेको छ। परिवर्तित अवस्थामा साङ्गठनिक गतिविधि गर्नुपरेका कारण तथा नयाँ पार्टी निर्माणको औचित्यबारे स्थानीय तहदेखि नै जनतालाई बुझाउने, उनीहरुका समस्यालाई केन्द्रमा राखेर समाधानका लागि समन्वय गर्ने कार्यमा सङ्घ क्रियाशील रहेको जनाइएको छ। रासस

# विभिन्न क्षेत्रका २२ एसपीको सरुवा

काठमाण्डु । नेपाल प्रहरीले २२ प्रहरी उपरीक्षक (एसपी)को सरुवा गरेको छ। प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको शनिबारको निर्णयानुसार प्रहरी उपरीक्षकको सरुवा गरिएको हो । यसअघि कात्तिक २९ गते पनि आठ एसपीको सरुवा भएको थियो।

यसपटक मानव बेचबिखन अनुसन्धान ब्यूरोका अनुरागकुमार द्विवेदीलाई सुदूरपश्चिम प्रदेश सशस्त्र प्रहरी गण कैलाली, महानगरीय प्रहरी परिसर काठमाडौंका रमेशकुमार बस्नेतलाई जिल्ला प्रहरी कार्यालय पर्सा, मकवानपुरका सोमेन्द्रसिंह राठौरलाई प्रहरी प्रधान कार्यालय युएन जगेडामा र जिल्ला प्रहरी कार्यालय स्याङ्जामा कार्यरत होविन्द बोगटीलाई प्रहरी प्रधान कार्यालयको कानुन शाखामा सरुवा गरिएको छ । यस्तै अविनारायण काफ्लेलाई अख्तियारबाट सप्तरी, कृष्ण प्रसाईंलाई जनकपुरबाट सर्लाही, टीकाबहादुर केसीलाई काठमाडौंबाट लुम्बिनी प्रदेश सशस्त्र प्रहरी गण, तुलबहादुर कार्कीलाई नुवाकोटबाट २ नं प्रदेश प्रहरी कार्यालय, दिनेशराज मैनाली तनहुँबाट महानगरीय प्रहरी परिसर काठमाडौं, ध्रुवराज राउतलाई प्रहरी प्रधान कार्यालयबाट अख्तियार र प्रकाश रानाभाटलाई धनुषाबाट पोखरामा सरुवा गरिएको छ।

यस्तै प्रहरी उपरीक्षक वसन्त रजौरेलाई प्रहरी प्रधान कार्यालयबाट धनुषा, बेलबहादुर पाण्डेलाई पर्साबाट प्रहरी प्रधान कार्यालय, भुवनेश्वर तिवारीलाई सुदूरपश्चिम प्रदेशबाट सुर्खेत, महेन्द्र खड्कालाई धादिङबाट सुदूरपश्चिम प्रदेश, राकेश सिंहलाई सुर्खेतबाट धादिङमा पठाइएको छ। रासस

# प्रस्तावित राजदूतको संसदीय सुनुवाइ स्थगित

काठमाण्डु । भारत, चीन र बेलायतका लागि प्रस्तावित राजदूतको सुनुवाइ गर्न आइतवार राखिएको सङ्घीय संसद्को संसदीय सुनुवाइ समितिको बैठक आवश्यक न्यूनतम् सङ्ख्या नपुगेपछि स्थगित गरिएको छ । पन्ध्र सदस्यीय समितिमा हाल १२ सदस्य रहेकामा आइतवार पाँच जना मात्रै उपस्थित रहेकाले आवश्यक सङ्ख्या नपुग्दा बैठक स्थगित गर्नुपरेको समितिका सभापति लक्ष्मणलाल कर्णले बताउनुभयो।

समितिमा रहेका नेपाली काँग्रेसका सांसदहरु पार्टीका विभिन्न तहका अधिवेशनमा र प्रमुख प्रतिपक्षी दल नेकपा( एमाले) का सांसदहरु पनि महाधिवेशनमा व्यस्त रहेका कारण आइतवारको बैठकमा आवश्यक सङ्ख्या नपुगेको उल्लेख गर्दै सभापति कर्णले अर्को बैठक यही मङ्सिर १७ गतेका लागि तय गरिएको पनि जानकारी दिनुभयो।

समितिको आइतवार तीन वटा बैठक राखेर पहिलो बैठकमा उजुरी खोल्ने तथा दोस्रो बैठकमा उजुरीकर्तासँग छलफल गर्ने र तेस्रो बैठकमा प्रस्तावित व्यक्तिसँग छलफल गर्ने कार्यसूची रहेको थियो । सरकारले केही समयअघि नेपालसँग घनिष्ठ सम्बन्ध रहेका भारतका लागि डा शङ्कर शर्मा, अमेरिकाका लागि प्रा श्रीधर खत्री र बेलायतका लागि ज्ञानचन्द्र आचार्यलाई राजदूतमा नियुक्ति गर्न सिफारिस गरेको थियो।

संसदीय सुनुवाइका लागि गत कात्तिक १२ गते समितिमा प्रस्ताव आएको थियो। समितिमा प्रस्ताव दर्ता भएको ४५ दिनभित्र सुनुवाइ सक्नुपर्ने कानूनी प्रावधान छ।रासस

## सखुवानन्कारकटी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

सखुवानन्कारकटी सिरहा

प्रदेश न.२ नेपाल

## सेनेटरी प्याड खरिद सिलबन्दी दरभाउपत्र सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७८/०८/०६**

१. यस कार्यालयको चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकारले निः शुल्क वितरण गर्ने गरि तोकिएको सुची बमोजिम विद्यालयमा छात्राको लागी सेनेटरी प्याड खरिद गर्नु पर्ने भएकोले सो सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ भित्र सिल्बन्दी दरभाउपत्र खरिद गर्ने सूचना प्रकासित गरेको छ।

२. सिलबन्दी दरभाउपत्र खरिद गर्ने को लागि नेबेदन को साथ दरभाउ पत्र फारम दस्तुर वापत रु. १०००/- (एक हजार मात्र ) पछि फिर्ता नहुने गरि यस कार्यालको NMB बैंक, सिरहाको सखुवानन्कारकटी शाखा स्थित सखुवानन्कारकटी गाउँपालिकाको राजस्व खाता न. ११०००८५११७५००१९९ मा जम्मा गरेको सकल भौचर चालु आ.व. सम्म को लागि बहाल रहने गरि नविकरण गरिएको फर्म दर्ता प्रमाण पत्र र समबन्धित निकायमा दर्ता भएको तथा मु.अ.कर प्रमाण पत्र, आ.व. २०७७/२०७८ को कर चुक्ता प्रमाण पत्र समेत संगलन राखेको हुनुपर्ने छ।

३. कार्यालयको अधिकार प्राप्त अधिकारीको सहि छाप नभएको र कुनै सर्त राखी पेश भएको दरभाउ पत्र मान्य हुने छैन।

४. आफुले खरिद गरेको दरभाउपत्र रितपूर्वक भरि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिन (सो दिन सार्वजनिक विदा भएमा सो को भोलि पल्ट दिनको १२ बजे भित्र यस कार्यालय भित्र दर्ता गराउनु पर्नेछ ) र रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्रहरु सोहि दिनको २ बजे यस कार्यालयमा खोलिने छ।

५. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सुचनामा तोकिए बमोजिमको जमानत वापतको रकम यस कार्यालयको सखुवानन्कारकटी गाउँपालिकाको धरौटी खाता नं.११०००८५११७५००१४४ मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र खोलिने मितिले कम्तिमा ९० दिनको मान्य अवधि रहने गरि वाणिज्य बैंकबाट जारि गरिएको बैंक जमानत ( बैंक ग्यारेन्टी ) सिलबन्दी दरभाउपत्र साथ पेश गरिनु पर्ने छ।

६. सिलबन्दी दरभाउपत्र साथ आपूर्ति गर्ने सेनेटरी प्याड नेपाल सरकारकले तोकिएको मापदण्ड अनुसारको हुनुपर्ने छ, नविकरण गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

७. कार्यालयको हाता सम्म सेनेटरि प्याड सामानहरु ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले न व्यहोर्नु पर्नेछ।

८. आपूर्ति हुने औषधिहरु expiry date store दाखिला हुने समयमा कम्तिमा १८ महिना बाकि हुनुपर्ने छ।

९. सप्लाई हुने औषधि तथा सेनेटरी प्याड मा प्रत्येक strip/labeling/packaging को बाहिर उत्पादन मिति expiry date, Batch NO., उत्पादक कम्पनीको नाम उल्लेख भएको हुनुपर्ने छ।

१०. स्यानेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुची -१ मा उल्लेख भएको मापदण्ड बमोजिमको स्यानिटेरी प्याड हुनुपर्ने छ सो विडकिताब साथ संलग्न रहने छ। स्यानेटरी प्याड को गुणस्तर सम्बन्धमा शंका लागेमा कार्यालयले गुणस्तर सम्बन्धि परीक्षण गराई मात्र स्यानेटरी प्याडको आपूर्ति लिईनेछ।

११. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को (ङ) बमोजिम दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबुझिएको, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भनि लिखित सो घोषणापत्र पेश गर्नुपर्ने छ।

१२. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको सहि र छाप अनिवार्य रुपमा लागेको हुनुपर्ने छ।

१३. दरभाउपत्र पेश गर्दा मु.अ.क. वाहेकको दर उल्लेखित गर्नु पर्ने छ।

१४. दरभाउपत्र द्वारा खरिद गर्ने सेनेटरी प्याड सुची दरभाउपत्र फारम साथ उपलब्ध हुनेछ।


१५. यो सुचनामा उल्लेख भएको कुराहरुको हकमा यसै बमोजिम र सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।

१६. अन्य आवश्यक कुराहरु जानकारी लिनुपरेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | विवरण | स्टिमेट अंक र मु अ. कर बाहेक | जमानत रकम | दरभाउपत्र खरिद गर्न अन्तिम मिति |
|---|---|---|---|---|---|
| १. | १/EDU/२०७८/०७९ | दरभाउपत्र फारममा उल्लेख भए बमोजिमका स्यानेटरी प्याड | १०,५२,०००।- | २७,०००।- | २०७८।०८।२० गते |

प्रमुख प्रशासकिय अधिकृत






Scanned with CamScanner

# सखुवानन्कारकटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सखुवानन्कारकटी सिरहा
प्रदेश न.२ नेपाल

# सेनेटरी प्याड खरिद सिलबन्दी दरभाउपत्र सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७८/०८/०६**

१. यस कार्यालयको चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकारले निः शुल्क वितरण गर्ने गरि तोकिएको सुची बमोजिम विद्यालयमा छात्राको लागी सेनेटरी प्याड खरिद गर्नु पर्ने भएकोले सो सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ भित्र सिल्बन्दी दरभाउपत्र खरिद गर्ने सूचना प्रकासित गरेको छ।

२. सिलबन्दी दरभाउपत्र खरिद गर्ने को लागि नेबेदन को साथ दरभाउ पत्र फारम दस्तुर वापत रु. १०००/- (एक हजार मात्र ) पछि फिर्ता नहुने गरि यस कार्यालको NMB बैंक, सिरहाको सखुवानन्कारकटी शाखा स्थित सखुवानन्कारकटी गाउँपालिकाको राजस्व खाता न. ११०००८५११७५००१९९ मा जम्मा गरेको सकल भौचर चालु आ.व. सम्म को लागि बहाल रहने गरि नविकरण गरिएको फर्म दर्ता प्रमाण पत्र र समबन्धित निकायमा दर्ता भएको तथा मु.अ.कर प्रमाण पत्र, आ.व. २०७७/२०७८ को कर चुक्ता प्रमाण पत्र समेत संगलन राखेको हुनुपर्ने छ।

३. कार्यालयको अधिकार प्राप्त अधिकारीको सहि छाप नभएको र कुनै सर्त राखी पेश भएको दरभाउ पत्र मान्य हुने छैन।

४. आफुले खरिद गरेको दरभाउपत्र रितपूर्वक भरि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिन (सो दिन सार्वजनिक विदा भएमा सो को भोलि पल्ट दिनको १२ बजे भित्र यस कार्यालय भित्र दर्ता गराउनु पर्नेछ ) र रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्रहरु सोहि दिनको २ बजे यस कार्यालयमा खोलिने छ।

५. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सुचनामा तोकिए बमोजिमको जमानत वापतको रकम यस कार्यालयको सखुवानन्कारकटी गाउँपालिकाको धरौटी खाता नं.११०००८५११७५००१४४ मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र खोलिने मितिले कम्तिमा ९० दिनको मान्य अवधि रहने गरि वाणिज्य बैंकबाट जारि गरिएको बैंक जमानत ( बैंक ग्यारेन्टी ) सिलबन्दी दरभाउपत्र साथ पेश गरिनु पर्ने छ।

६. सिलबन्दी दरभाउपत्र साथ आपूर्ति गर्ने सेनेटरी प्याड नेपाल सरकारकले तोकिएको मापदण्ड अनुसारको हुनुपर्ने छ, नविकरण गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

७. कार्यालयको हाता सम्म सेनेटरि प्याड सामानहरु ढुवानी बापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले न व्यहोर्नु पर्नेछ।

८. आपूर्ति हुने औषधिहरु expiry date store दाखिला हुने समयमा कम्तिमा १८ महिना बाकि हुनुपर्ने छ।

९. सप्लाई हुने औषधि तथा सेनेटरी प्याड मा प्रत्येक strip/labeling/packaging को बाहिर उत्पादन मिति expiry date, Batch NO., उत्पादक कम्पनीको नाम उल्लेख भएको हुनुपर्ने छ।

१०. स्यानेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुची -१ मा उल्लेख भएको मापदण्ड बमोजिमको स्यानिटेरी प्याड हुनुपर्ने छ सो विडकिताब साथ संलग्न रहने छ। स्यानेटरी प्याड को गुणस्तर सम्बन्धमा शंका लागेमा कार्यालयले गुणस्तर सम्बन्धि परीक्षण गराई मात्र स्यानेटरी प्याडको आपूर्ति लिईनेछ।

११. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को (ङ) बमोजिम दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबुझिएको, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भनि लिखित सो घोषणापत्र पेश गर्नुपर्ने छ।

१२. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको सहि र छाप अनिवार्य रुपमा लागेको हुनुपर्ने छ।

१३. दरभाउपत्र पेश गर्दा मु.अ.क. वाहेकको दर उल्लेखित गर्नु पर्ने छ।

१४. दरभाउपत्र द्वारा खरिद गर्ने सेनेटरी प्याड सुची दरभाउपत्र फारम साथ उपलब्ध हुनेछ।

१५. यो सुचनामा उल्लेख भएको कुराहरुको हकमा यसै बमोजिम र सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।

१६. अन्य आवश्यक कुराहरु जानकारी लिनुपरेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | विवरण | स्टिमेट अंक र मु. अ. कर बाहेक | जमानत रकम | दरभाउपत्र खरिद गर्न अन्तिम मिति |
|---|---|---|---|---|---|
| १. | १/EDU/२०७८/०७९ | दरभाउपत्र फारममा उल्लेख भए बमोजिमका स्यानेटरी प्याड | १०,५२,०००।- | २७,०००।- | २०७८।०८।२० गते |

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

# सखुवानन्कारकट्टी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सखुवानन्कारकट्टी सिरहा

प्रदेश नं.२, नेपाल

# औषधी सर्जिकल सामान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र सूचना

प्रथम पटक प्रकाशित मितिः-२०७८/०८/०६

१. यस कार्यालयको चालु आ.ब. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकारले स्वास्थ्य संस्था बाट निः शुल्क वितरण गर्ने गरि तोकिएको सुची बमोजिम औषधी सर्जिकल खरिद गर्नुपर्ने भएकोले सो सूचना प्रथम पटक प्रकाशित भएको मितिले औषधी/सर्जिकल सामान खरिद १५ दिन भित्र सिल्बन्दी दरभाउपत्र खरिद गर्ने सूचना प्रकाशित गरेको छ।

२. सिलबन्दी दरभाउपत्र खरिद गर्नको लागि निवेदनको साथ दरभाउ पत्र फारम दस्तुर वापत रु. १०००/- (एक हजार मात्र ) पछि फिर्ता नहुने गरि यस कार्यालयको NMB बैंक, सिरहाको सखुवानन्कारकट्टी शाखा स्थित सखुवानन्कारकट्टी गाउँपलिकाको राजस्व खाता न. ११०००८५११७५००१९९ मा जम्मा गरेको सकल भौचर चालु आ.ब. सम्म को लागि वहाल रहने गरि नविकरण गरिएको फर्म दर्ता प्रमाण पत्र र सम्बन्धित निकायमा दर्ता भएको तथा मु.अ. कर प्रमाण पत्र, आ.व. २०७७/२०७८ को कर चुक्ता प्रमाण वा कर चुक्ता गर्न सक्ने थप गरिएको म्याद कागज निस्सा पत्र समेत संलगन राखेको हुनुपर्ने छ। साथै एक फर्मको नाममा खरिद गरिएका बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन। साथै यसमा कुनै संशोधन भएमा सो जानकारी यस कार्यालयमा सुचना टाँस गरी जानकारी गराईनेछ।

३. कार्यालयको अधिकार प्राप्त अधिकारीको सहि छाप नभएको र कुनै सर्त राखी पेश भएको दरभाउ पत्र मान्य हुने छैन।

४. आफुले खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले औषधि सर्जिकल सामान खरिद को प्रकासित सूचनाको १६ औ दिन (सो दिन सार्वजनिक बिदा भएमा सो को भोलिपल्ट दिनको १२ बजे भित्र यस कार्यालय भित्र दर्ता गराउनु पर्नेछ) र रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्रहरु सोहि दिनको २ बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु, कार्यालयको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउ खोल्ने कार्यमा बाधा पर्ने छैन्।

५. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सुचनामा तोकिए बमोजिमको जमानत वापतको रकम यस कार्यालयको सखुवानन्कारकट्टी गाउँपलिकाको शाखा स्थित धरौटी खाता न. ११०००८५११७५००१४४ मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र खोलिने मितिले कम्तिमा ९० दिनको मान्य अबधि रहने गरि वाणिज्य बैंकबाट जारि गरिएको बैंक जमानत (बैंक ग्यारेन्टी) सिलबन्दी दरभाउपत्र साथ् पेश गरिनु पर्ने छ।

६. सिलबन्दी दरभाउपत्र साथ् आपूर्ति गर्ने औषधिहरु WHO /GMP Certified हुनुपर्नेछ, नविकरण गरिएको प्रमाणपत्र र औषधी व्यवस्था विभाग बाट प्राप्त नविकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरू अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

७. धुलो र भोल औषधी वाहेक अन्य बाकि औषधीहरु strip मा आपूर्ति गर्नु पर्ने छअ। वोतल मा आपूर्ति हुने सबै औषधि तथा सर्जिकल सामानहरु शिलबन्दी हुनुपर्ने छ।

८. कार्यालयको हाता सम्म औषधि तथा सर्जिकल सामानहरु ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले न व्यहोर्नु पर्नेछ

९. आपूर्ति हुने औषधिहरु expiry date store दाखिला हुने समयमा कम्तिमा १८ महिना बाकि हुनुपर्नेछ। तर कुनै औषधिको expiry date १८ महिना कम हुने अवस्थामा कुल expiry date को ७५ प्रतिशत म्याद बाकि भएको हुनुपर्नेछ।

१०. सप्लाई हुने औषधि मा प्रत्येक strip/labeling/packaging को बाहिर उत्पादन मिति expiry date, Batch NO., उत्पादक कम्पनीको नाम उल्लेख भएको हुनु पर्ने छ।

११. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को (ङ) बमोजिम दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबुझिएको, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भनि लिखीत सो घोषणापत्र पेश गर्नु पर्ने छ।

१२. दरभाउपत्रदाताले आफुले कबोल गरेको दररेट अंक र अक्षर दुबैमा र नेपाली मुद्रामा प्रष्ट रुपमा लेखिएको हुनुपर्ने छ। मू.अ.क. लाग्ने वस्तुमा सो समेत उल्लेख गरी केरमेट गरेको भए सो ठाउँमा दस्तखत पेश गरेको हुनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिईनेछ।

१३ दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको सहि र छाप अनिवार्य रुपमा लागेको हुनुपर्ने छ।

१४. दरभाउपत्र पेश गर्दा मु.अ.क.वाहेकको दर उल्लेखित गर्नु पर्ने छ।

१५. दरभाउपत्र द्वारा खरिद गर्ने औषधि सुची दरभाउपत्र फारम साथ उपलब्ध हुनेछ।

१६. दरभाउपत्र दाताले आपूर्ति गर्ने औषधी गुणस्तर युक्त हुने व्यहोरा लिखित प्रतिवद्धता पत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। औषधी आपूर्ति गर्ने क्रममा औषधीहरुको गुणस्तर सम्वन्धमा शंका लागेमा कार्यालयले गुणस्तर सम्वन्धी परीक्षण गराई मात्र औषधीको आपूर्ती लिईनेछ।

१७. विदेशी कम्पनीको औषधीहरुको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस भएको नोटरी पब्लिकवाट प्रमाणित भएको प्रतिलिपि पेश गर्नु पर्नेछ।

१८. यो सुचनामा उल्लेख भएको कुराहरुको हकमा यसै बमोजिम र सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।

१८. अन्य आवश्यक कुराहरु जानकारी लिनुपरेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | विवरण | स्टिमेट अंक रु मु.अ.कर सहित | जमानत रकम | दरभाउपत्र खरिद गर्न अन्तिम मिति |
|---|---|---|---|---|---|
| १. | १/Med/२०७८/०७९ | दरभाउपत्र फारममा उल्लेख भए बमोजिमका औषधी तथा सर्जिकल सामानहरु | रु. ३५,००,०००।- (पैतिस लाख रुपैया) | रु८७,५००।- | मिति २०७८।०८।२० गते |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner